नेपाल सरकार
स्वास्थ्य तथा स्वच्छता मन्त्रालय
राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र,
कीर्तिपुर, काठमाडौं

सिलबन्दी बोलपत्र आह्वानको सूचना (Hard Copy Only)

प्रथम पटक सूचना प्रकाशित मिति: २०८३-०७-१८

यस केन्द्रका लागि आ.व. २०८३-०८४ मा आवश्यक पर्ने तपसिल बमोजिमको खरिद गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यस सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

क्र.सं.	ठे.नं.	कामको विवरण	बोलपत्र दस्तुर	धरौटी रकम	ठेक्काको मुल्याङ्कन	बोलपत्र खरिदको अन्तिम मिति र समय	बोलपत्र दर्ताको अन्तिम मिति र समय
१	NARTC/G/NCB-2A/2083-84	The Procurement of Panchakarma Equipment.	3,000.	80,000.	प्याकेज	२०८३ मंसिर ८ गते कार्यालय समय सम्म	२०८३ मंसिर ९ गते दिनको १२:०० बजे भित्र
२	NARTC/G/NCB-2B/2083-84	The Procurement of Flat Panel Detector System.	3,000.	50,000.	प्याकेज		
३	NARTC/G/NCB-3/2083-84	Procurement of Pathology Lab Requirements, Imaging Unit Requirements, Accupuncture Unit Requirements, Physotherapy Requirements, Salya Unit Requirements and Dental Requirements	3,000.	60,000.	प्रति एकाइ दरमा		

१. यस केन्द्रको लागि आवश्यक उपर्युक्त बमोजिमको खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीका लागि बोलपत्र आह्वान गरिएको छ। बोलपत्र Hard Copy बाट मात्र खरिद तथा दर्ता गराउनु पर्नेछ। बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु Scan गरी पेश गर्नुपर्नेछ ।

क) व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र ख) आयकर दर्ता प्रमाणपत्र ग) मुल्य अभिवृद्धि कर प्रमाणपत्र घ) कम्पनी नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र ङ) बोलपत्रमा उल्लेख भए बमोजिमका अन्य आवश्यक कागजातहरु च) बोलपत्र फाराम दस्तुर बापतको माथि उल्लेखित रकम फाराम दस्तुर (फिर्ता नहुने) राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, काठमाण्डौंको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको राजश्व शिर्षक नं.१४२२९ उल्लेख गरि राजश्व खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको बैंक भौचर छ) कम्तिमा १२० दिन म्याद भएको माथि उल्लेखित रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (विड वन्ड) वा बोलपत्र जमानत वापत नगदै राख्न चाहने बोलपत्रदाताहरुले राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, काठमाण्डौंको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको **धरौटी खाता नं. १७००१००१०२०३०००० मा जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी पेश गर्नुपर्ने छ।**

२. दाखिला भएका बोलपत्रहरु तोकीएको मिति र समयमा यस केन्द्रमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ ।

३. यस सूचनामा उल्लेख भएका विषयहरु सूचना बमोजिम र उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा नियमावली, २०६४ (संशोधन सहित) र प्रचलित कानून अनुसार हुनेछ।

<u>नोट:</u>

यो सूचना तथा यस सूचना सम्बन्धि अन्य जानकारी यस केन्द्रको फोन नं. ०१-४३३४९१९ मा सम्पर्क गरी (कार्यालय समय भित्र) विस्तृत रुपमा बुझ्न र जानकारी लिन सकिने छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र
कीर्तिपुर, काठमाडौं

डा. सन्तोष कुमार ठाकुर
कार्यकारी निर्देशक